नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
## Financial Comptroller General Office
(आन्तरिक तथा आर्थिक प्रशासन शाखा)

पत्र संख्याः २०८१/८२
चलानी नं. ४८६

मितिः २०८१।०९।२५

**विषय : भ्रमण आदेश स्वीकृति सम्वन्धमा ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै।

लेखा समूहको कर्मचारीको दरबन्दी नभएको तथा दरबन्दी भएर पनि पदपूर्ति नभएको अवस्थामा खाता संचालनको लागि खटिएका लेखा समूहका कर्मचारीहरुले दरबन्दी रहेको कार्यालय प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेमा खाता संचालनको लागि खटिएको कार्यालय प्रमुखबाट स्वीकृत गराउने गरिएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालमा उजुरी दर्ता भएको र आयोगबाट उजुरी उपर आवश्यक कारवाही गर्नुहुन भनी लेखी आएको सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६० को उपदफा २ तथा नियमावली, २०७७ को नियम ७ को उपनियम ३ बमोजिम खाता संचालनको लागि महालेखा नियन्त्रक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट खटिएका लेखा समूहका कर्मचारीहरुको भ्रमण आदेश सम्बन्धित कार्यालयको अनुरोधमा निजको हाजिरी अभिलेख रहने कार्यालय प्रमुखबाट स्वीकृत हुनु पर्ने भएकाले सोही अनुसार गर्न गराउन तथा आन्तरिक लेखापरीक्षण गर्दा यसरी स्वीकृत नगराइ भ्रमण खर्च भुक्तानी लिएको भए असूल उपर गर्न गराउन सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई निर्देशन दिने गरी मिति २०८१।९।२४ गते निर्णय भएकाले सोही अनुसार गर्न गराउन निर्णयानुसार अनुरोध छ।

२०८१।९।२५
(टोलेन्द्र कार्की)
लेखा अधिकृत

बोधार्थ
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
महाशाखा नं. २, टङ्गाल, काठमाडौं।

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"
अनामनगर, काठमाडौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: ifas@fcgo.gov.np, Website: www.fcgo.gov.np